# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना!

## सूचना प्रकाशित मितिः २०८३।०५।२६

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र समाजिक सुरक्षा मन्त्रालयले दलितको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लेखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसको रायको लागि प्रकाशन गरिएको हुदाँ सो उपर (१५) पन्ध्र दिन भित्र आफ्नो प्रतिक्रिया तोकिएको ढाँचामा समन्वय शाखाको ईमेल cordinationsec@mowcgss.gov.np तथा info@mowcgss.gov.np मा उपलब्ध गराईदिनु हुन सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारण समक्ष अनुरोध गरिएको छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## महिला, बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी दलितको अधिकारतथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

तर्जुमा गर्नुका कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनका लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः**

- नेपालको संविधानको धारा ४० बाट प्रत्याभूत भएका दलित सम्बन्धी हकको व्यवस्था बमोजिम शिक्षा, स्वास्थ्य र भूमि सहितका विषयमा दलितको हक अधिकार सुनिश्चित गर्न दलितको अधिकार र विकास सम्बन्धी कानून आवश्यक भएको।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- प्रस्तुत विधेयकको व्यवस्थाबाट दलितको सम्बन्धमा स्पष्ट कानूनका साथै दलित समुदायको सामुदायिक विकास हुनुका अतिरिक्त दलित भित्रका जात, जाति लैंङ्गिक तथा आर्थिक दृष्टिले पछाडि परेका व्यक्ति र समुदायको सर्वोत्तम हित हुन जाने हुन्छ ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- विधेयकको व्यवस्थाबाट राष्ट्रिय दलित विकास प्राधिकरणको व्यवस्थापन हुन गई राष्ट्रिय दलित विकास प्राधिकरणको कार्यालय संञ्चालन र व्यवस्थापन तथा उपाध्यक्ष, निर्देशक र अन्य कर्मचारीको लागि बजेट खर्च हुन जाने हुन्छ साथै शिक्षा,स्वास्थ्य, रोजगार भूमि सम्बन्धमा थप बजेट आवश्यक पर्न जाने हुन्छ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

- विधेयकको व्यवस्थाबाट विपन्न तथा अति विपन्न दलितको जीवनस्तर माथि उठ्नका साथै दलित समुदायको आत्म सम्मान बृद्धि हुन जाने हुन्छ ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रबर्द्धनमा पर्ने प्रभावः**

- प्रस्तुत विधेयकको व्यवस्थाबाट नेपालको संविधानको धारा ४० को मौलिक हकको कार्यान्वयन भई दलितको अधिकारको संरक्षण भई सुशासन कायम हुन जाने हुन्छ ।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलमा पुग्ने सहयोगः**

- सामाजिक र आर्थिक रूपमा सीमान्तकृत दलित समुदाय जलवायुजन्य विपद् (जस्तैः बाढी, पहिरो, खडेरी) बाट सबैभन्दा बढी प्रभावित हुने भएकाले यस विधेयकका शिक्षा, स्वास्थ्य, आवास, जमीन लागयतका व्यवस्थाले आर्थिक र सामाजिक रुपमा बलियो नागरिक भइ जलवायु अनुकुलनमा सहयोग पुग्न जाने देखिन्छ ।

**७. अन्य आवश्यक विषयः**

- प्रस्तुत् विधेयकबाट दलित समुदायको सहभागिता ,प्रतिनिधित्व, शिक्षा, स्वास्थ्य, परम्परागत सीप र दक्षताको संरक्षण, भूमि, आवास,अवसर र पहुँचमा वृद्धि हुन जानेछ।

# <u>दलितको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>** : नेपालको संविधानले व्यवस्था गरेको समानता, सामाजिक न्याय तथा मानव अधिकारलाई संरक्षण गरी आर्थिक, सामाजिक तथा शैक्षिक सहितका क्षेत्रमा राज्य व्यवस्थाबाट सृजना हुन पुगेका सबै प्रकारका विभेद र उत्पीडनबाट प्रभावित दलितका अधिकारको संरक्षण, प्रवर्द्धन, विकास, सशक्तीकरण र राज्यसंयन्त्रमा समानुपातिक समावेशी पहुँच र प्रतिनिधित्व सुनिश्चत गरी दलित समुदायका नेपाली नागरिकलाई आत्मसम्मानसहितको जीवनको लागि विशेष व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "दलित अधिकार तथा विकास सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अति विपन्न दलित” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकिएको दलित समुदायको कुनै परिवार वा व्यक्ति सम्झनु पर्छ।

(ख) "आवास" भन्नाले प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड पुगेको आवास सम्झनु पर्छ।

(ग) "उच्च शिक्षा" भन्नाले विद्यालय तहभन्दा माथिको तहका शिक्षालाई सम्झिनु पर्छ।

(घ) "छात्रवृत्ति" भन्नाले नेपाल सरकार, विद्यालय, विश्वविद्यालय, शैक्षिक संस्था वा तालिम प्रदायक निकाय र विदेशी सरकार तथा संस्थाले अध्ययन, अनुसन्धान, तालिम वा प्रशिक्षणका लागि उपलब्ध गराउने छात्रवृत्ति सम्झनु पर्छ र सो शब्दले शैक्षिक वृत्ति समेतलाई जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "दलित समुदाय" भन्नाले राष्ट्रिय दलित आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ।

(छ) "परिवार" भन्नाले दलित समुदायमा कायम रहेको कुनै व्यक्तिसँग एकासगोलमा बसोबास गर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री सम्झनु पर्छ र विवाहित महिलाको हकमा निजको सासु, ससुरा बाबु, आमा तथा अन्य आश्रित सदस्यलाई समेत जनाउँछ।

(ज) "प्राधिकरण" भन्नाले दफा ४० बमोजिम गठन भएको राष्ट्रिय दलित विकास प्राधिकरण सम्झनु पर्छ।

(झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्रचलित कानून बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा भनी उल्लेख गरिएका शैक्षिक धार तथा विषयका शिक्षा सम्झनु पर्छ र सो शब्दले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने परिषद्, संस्था वा निकायबाट प्रदान गरिने व्यावसायिक तालिम वा शिक्षा समेतलाई जनाउँछ।

(ञ) "परम्परागत तथा रैथाने, पेशा, व्यवसाय, ज्ञान, कला" भन्नाले दलित समुदायभित्रका विभिन्न जात तथा समुदायले परम्परादेखिनै जीविकोपार्जन र उद्यमशीलताका लागि अभ्यास गर्दै आएका सिर्जनशील, मौलिक तथा रैथाने पेशा, व्यवसाय, ज्ञान, सीप र कला सम्झनु पर्छ।

(ट) "विद्यालय" भन्नाले विद्यालय शिक्षा सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सरकारी, सामुदायिक, शैक्षिक गुठी, सार्वजनिक वा निजी लगानीमा सञ्चालित विद्यालय सम्झनु पर्छ।

(ठ) "विपन्न दलित" भन्नाले नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनी तोकिएको दलित समुदायको कुनै परिवार वा व्यक्ति सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ४७ बमोजिमको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ।

(ढ) "सार्वजनिक सेवा" भन्नाले संघ, प्रदेश तथा स्थानीय तह र मातहतका सरकारी तथा सार्वजनिक निकायका सबै प्रकारका सेवालाई सम्झनु

पर्छ र सो शब्दले प्रचलित कानूनले सार्वजनिक सेवा भनी निर्धारण गरेका अन्य सेवालाई समेत जनाउँछ।

(ण) "स्वास्थ्य उपचार" भन्नाले सरकारी, सामुदायिक तथा निजी अस्पतालबाट उपलब्ध हुदै आएका स्वास्थ्य उपचार सम्बन्धी सेवा सम्झनु पर्छ।

(त) "विपद्" भन्नाले विपद् रोकथाम, नियन्त्रण तथा पुनर्स्थापना सम्बन्धी प्रचलित कानून बमोजिम विपद् भनी परिभाषित अवस्थालाई सम्झिनु पर्छ।

(थ) "समानुपातिक समावेशी सिद्धान्त" भन्नाले संघ, प्रदेश तथा स्थानीय तह र तत् अन्तर्गतका सबै निकायमा दलित समुदायको जनसङ्ख्या र जात, थर, भूगोल, लैङ्गिक तथा आर्थिक सक्षमताका आधारमा प्रतिनिधित्व हुने समानुपातिक सहभागितालाई सम्झनु पर्छ।

(द) **"भूमिहीन दलित"** भन्नाले भूमिमा पूर्णरुपमा स्वामित्व नभएको वा जीविकोपार्जनका लागि आवश्यक भूमिमाथि पहुँच नभएको दलित समुदायको व्यक्ति वा परिवारलाई सम्झिनु पर्छ।

(ध) "मन्त्रालय" भन्नाले दलित अधिकार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिनिधित्व र सहभागिता सम्बन्धी व्यवस्था

३. **राजनीतिक दलमा दलितको सहभागिता**: (१) प्रचलित कानून बमोजिम निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलका केन्द्रीय, प्रदेश, जिल्ला तथा स्थानीय तहका समिति र संरचनामा दलित समुदायको जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व र पदाधिकारीमा अनिवार्य प्रतिनिधित्वको सुनिश्चित गरिनेछ ।

४. **संघीय संसद र प्रदेश संसदमा दलितको प्रतिनिधित्व:** (१) संघीय संसदको प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ जम्मा सिटमध्ये दलित समुदायको लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनेछ।

(२) संघीय संसदको राष्ट्रिय सभाका जम्मा सीटमध्ये दलित समुदायका लागि समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनेछ।

(३) प्रदेशको जनसाङ्ख्कि वितरण र अवस्थितिका आधारमा प्रदेश सभामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनेछ।

५. **<u>स्थानीय तहमा दलितको प्रतिनिधित्व</u>:** (१) स्थानीय तहको नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्ष र नगरपालिकाका उपप्रमुख तथा गाउँपालिका उपाध्यक्ष पदमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

(२) स्थानीय तहको वडा अध्यक्ष पदमा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम स्थानीय तहमा गराउने यस्तो प्रतिनिधित्वका लागि सम्बन्धित स्थानीय तहमा रहेको दलित समुदायको जनसंख्याको अनुपातलाई आधार मानिनेछ।

६. **<u>सरकारी तथा सार्वजनिक निकायमा दलित समुदायको प्रतिनिधित्व</u> :** (१) प्रचलित कानून बमोजिम दलित समुदायका व्यक्तिलाई संघ, प्रदेश र स्थानीय तह तथा तत् अन्तर्गतका निकायमा दलितको जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व तथा सहभागिताको व्यवस्था गरिनेछ।

(२) संघ, प्रदेश र स्थानीय तह तथा तत् अन्तर्गतका निकायका कुनै पदमा पदाधिकारी नियुक्ति गर्दा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ।

७. **<u>अन्य क्षेत्रमा दलितको प्रतिनिधित्व</u>:** प्रचलित कानून बमोजिम स्थापना भएका संघ संस्था, कम्पनी, उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा कर्मचारी तथा पदाधीकारी नियुक्त गर्दा दलित समुदायको समानुपातिक समावेशीकरण सिद्धान्तका आधारमा नियुक्ति गरिने व्यवस्था मिलाइनेछ।

८. **<u>समानुपातिक समावेशी नीति अवलम्बन गर्नु पर्ने</u>:** (१) दफा ३, ४, ५ र ६ बमोजिम दलित समुदायको प्रतिनिधित्व तथा सहभागिता गराउँदा पहाडी तथा तराई मधेशका दलित, पिछडीएका क्षेत्रका दलित, आर्थिक रुपले विपन्न दलित, सीमान्तकृत दलित, महिला र दलित समुदाय भित्रका विभिन्न जातजातिको जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित हुने गरी गरिनेछ।

(२) संघ, प्रदेश र स्थानीय तह र तत्अन्तर्गतका निकायमा महिलाको प्रतिनिधित्व गर्दा दलित महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

## परिच्छेद-३

## छात्रवृत्ति सहित निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था

९. **छात्रवृत्ति सहित निःशुल्क शिक्षा** : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दलित समुदायका विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा हुनेछ।

(२) उपदफा (१) बमोजिमको अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था सार्वजनिक, सामुदायिक, शैक्षिक गुठी वा संस्थागत विद्यालय र विश्वविद्यालय तथा सो मातहातका शैक्षिक संस्थाबाट कार्यान्वयन हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी तथा संस्थागत शैक्षिक संस्थाले प्रचलित कानून बमोजिम दलित समुदायको विद्यार्थीलाई छात्रवृत्तिसहित निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम छात्रवृत्ति प्रदान गर्दा आवश्यक पाठ्यपुस्तक, स्टेशनरी, पोशाक, पोषण, छात्रावास तथा खाना खर्चको शुल्क, शिक्षण संस्थामा बुझाउन पर्ने शुल्कको व्यवस्था मिलाउनु पर्नेछ।

(५) यस ऐन बमोजिम प्रदान गरिएको छात्रवृत्तिको विवरण सम्बन्धित शैक्षिक संस्था, स्थानीय तह, प्रदेश सरकार, शिक्षा विषय हेर्ने नेपाल सरकारको मन्त्रालय र मन्त्रालयले समेत अभिलेख राखी अद्यावधिक गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(६) छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **छात्रवृत्ति उपलब्ध नहुने** : (१) अध्ययनको लागि छात्रवृत्ति पाएका विद्यार्थीले भर्ना भएको विषय र तहको अध्ययन पूरा नगरेमा छात्रवृत्ति उपलब्ध गराइने छैन।

(२) एक पटक निःशुल्क अध्ययनको लागि सुविधा पाएको वा छात्रवृत्तिको सुविधा पाएको विद्यार्थीले अध्ययन पूरा नगरेमा वा पूर्व स्वीकृति नलिई विषय वा संकाय परिवर्तन गरेमा निजलाई अर्को विषय वा संकायमा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायसँग पूर्व स्वीकृति लिई विषय वा संकाय परिवर्तन गरेको अवस्थामा छात्रवृत्ति प्रदान गरिनेछ।

(४) शैक्षिक संस्थामा भर्ना भई अध्ययनरत विद्यार्थीले मनासिब आधार र कारण विना अध्ययन नगरेमा निजले पाइरहेको सुविधा वा छात्रवृत्ति रोक्का हुनेछ।

११. **दोहोरो सुविधा लिन नपाउने** : (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम निःशुल्क शिक्षा वा छात्रवृत्ति पाएको विद्यार्थीले कुनै एक तहमा उच्च शिक्षा प्राप्त गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट निःशुल्क शिक्षा वा छात्रवृत्ति पाएको भए पुनः दोहोरो पर्ने गरी छात्रवृत्ति पाउने छैन।

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट छात्रवृत्ति पाइरहेको कुनै व्यक्तिले अन्य कुनै व्यक्ति, संस्था वा निकायबाट सोही तहको अध्ययनको लागि छात्रवृतेति सुविधा लिएको वा प्राप्त गरेको भएमा सरकारी निकायबाट प्रदान भएको छात्रवृत्ति सुविधा सुविधा रद्द हुनेछ।

१२. **जानकारी गराउनु पर्ने** : छात्रवृत्ति सहितको निःशुल्क उच्च शिक्षा हासिल गरेको व्यक्तिले आफूले हासिल गरेको शैक्षिक प्रमाणपत्र सहितको जानकारी छात्रवृत्ति उपलब्ध गराउने शिक्षण संस्थामा लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

१३. **सेवा गर्नु पर्ने** : यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गरेको दलित समुदायको व्यक्तिले त्यस्तो उच्च शिक्षाको अध्ययन पूरा गरे पश्चात छात्रवृत्ति प्राप्त गर्नु अघि गरेको कबुलियतनामा बमोजिम सेवा गर्नुपर्नेछ।

१४. **प्राविधिक तथा व्यावसायिक शिक्षा** : (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने निकायले समानुपातिक आधारमा दलित विद्यार्थीको लागि छात्रवृत्ति सङ्ख्या निर्धारण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या निर्धारण गर्दा दलित समुदायभित्रका पहाडी, मधेशी दलित, दलितभित्रका सिमान्तकृत दलित, दलित महिला, दलित समुदायभित्रका जात, जाति, लिङ्ग तथा भौगोलिक क्षेत्रका दलित र अतिविपन्न तथा विपन्न दलित विद्यार्थीलाई समानुपातिक रूपमा वितरण हुने गरी तोकिए बमोजिमको मापदण्डका आधारमा योग्यता पुगेका दलित विद्यार्थीमध्येबाट प्रतिस्पर्धा गराई योग्यताक्रमको आधारमा भर्ना गर्नु पर्नेछ।

१५. **<u>विशेष तथा अनौपचारिक शिक्षा</u>** : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका दलित समुदायका विद्यार्थीका लागि छात्रवृत्ति र आवास सुविधासहित विशेष शिक्षा वा अनौपचारिक शिक्षा प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१६. **<u>मनोसामाजिक परामर्श</u>**: विद्यालयमा अध्ययनरत दलित समुदायका विद्यार्थीलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१७. **<u>बजेट तथा कार्यक्रमको व्यवस्था</u>** : (१) दलित समुदायका विद्यार्थीलाई विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका सम्बन्धमा उपलब्ध हुने छात्रवृत्तिका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

(२) निजी, सहकारी तथा सामुदायिक क्षेत्रका शैक्षिक संस्थाबाट दलित विद्यार्थीका लागि छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक व्यवस्था गर्नु पर्नेछ र सोको कार्यान्वयन सम्बन्धित शैक्षिक संस्थाबाट हुनेछ।

## परिच्छेद- ४

## <u>स्वास्थ्य तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था</u>

१८. **<u>स्वास्थ्य सम्बन्धी व्यवस्था</u>** : (१) स्वास्थ्य सेवा प्रदायक संस्थाले दलित समुदायका व्यक्तिलाई विना भेदभाव आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदाय र दलित समुदायका विपन्न व्यक्तिलाई सरकारी अस्पतालमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायका व्यक्ति को स्वास्थ्य क्षेत्र लक्षित विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायका विपन्न व्यक्तिको लागि चिकित्सकको सिफारिस बमोजिम आवश्यक औषधि निः शुल्क उपलब्ध गराउने गरी व्यवस्था गर्नु पर्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दलित समुदायको महिला गर्भवती भएदेखि एक हजार दिनसम्म गर्नुपर्ने सम्पूर्ण स्वास्थ्य परीक्षण तथा उपचार सेवा निःशुल्क रुपमा उपलब्ध गराउने र पोषण भत्ताको व्यवस्था गर्नेछ।

(६) स्वास्थ्य सेवा प्रदायक संस्था वा अस्पतालमा दलित महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सेवालाई दृष्टिगत गरी प्राथमिकताका साथ सेवा प्रदान गरिनेछ।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपलब्ध गराएको निःशुल्क स्वास्थ्य सेवाको अभिलेख आ-आफ्नो निकायमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

१९. **स्वास्थ्य बीमा सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले अतिविपन्न, विपन्न तथा सिमान्तकृत दलित समुदायका व्यक्तिको स्वास्थ्य उपचारको लागि स्वास्थ्य बीमा कार्यक्रम निःशुल्क रुपमा सञ्चालन गर्ने व्यवस्था गर्नेछ।

**(२)** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायका व्यक्तिको स्वास्थ्य उपचारको लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गर्न सक्नेछ।

**(३)** यस परिच्छेद बमोजिम दलित समुदायका व्यक्तिलाई उपलब्ध हुने स्वास्थ्य सेवा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट उपलब्ध स्वास्थ्य बीमा कार्यक्रम मार्फत उपलब्ध गराइनेछ।

२०. **सामुदायिक तथा निजी अस्पतालले सुविधा उपलब्ध गराउनु पर्नेः** सामुदायिक तथा निजी रुपमा सञ्चालित अस्पतालले दलित समुदायका अति विपन्न तथा विपन्न व्यक्तिलाई तोकिए बमोजिम निःशुल्क उपचार गर्नु पर्नेछ ।

२१. **सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायका शिशुको स्वास्थ्य तथा पोषणको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) दलित समुदायका अतिविपन्न तथा विपन्न जेष्ठ नागरिकलाई प्रचलित कानून बमोजिम अन्य जेष्ठ नागरिक सरह सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ।

(३) नेपाल सरकारले स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत दलित समुदायका बेरोजगार नागरिकलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा कोषका कार्यक्रममा आबद्ध गराई रोजगारीका कार्यक्रम सञ्चालन गर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित समुदायको व्यक्तिसँग भएको अन्तरजातीय विवाहका कारण विस्थापित भएको जोडिलाई तत्काल पुनःस्थापना गरी निजहरुको सुरक्षाको पूर्ण व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पुनर्स्थापित व्यक्ति वेरोजगार रहेको वा कुनै आय आर्जनको कुनै व्यवस्था नभएको अवस्थामा जिवन निर्वाहको व्यवस्था गरिनेछ।

(६) दलित समुदायका असहाय, अपाङ्गता भएका व्यक्ति र एकल महिलालाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कुनै दलित महिला यौन शोषण, हिंसा, दुर्व्यवहार, यातना, अपमान आदिबाट प्रभावित भएको अवस्थामा त्यस्तो महिलाको पुर्नस्थापना र सुरक्षाका लागि तोकिए बमोजिमको राहत वा रोजगारको व्यवस्था गरिनेछ।

२२. **सामाजिक सशक्तीकरण र संरक्षण**: (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दलित समुदायका असहाय, अशक्त वा अनाथ बालबालिकाको संरक्षण र सशक्तीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(२) दलित समुदायका बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना र नागरिकता प्रदान गर्दा स्थानीय तहले आवश्यक सहजीकरण गर्नेछ।

(३) नेपाल सरकारले दलित समुदायका संरक्षकत्वको आवश्यकता भएका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र बालबालिकाको लागि तोकिए बमोजिम संरक्षण र पुर्नस्थापनाको कार्य गर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले दलित समुदायका व्यक्तिका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्नेछ।

(५) नेपाल सरकारले स्थानीय तहमार्फत जबरजस्ती करणी, यौन शोषण, हिंसा, अन्तरजातीय प्रेम सम्बन्धका साथै वैदेशीक रोजगारीका क्रममा भएका यौनजन्य हिंसाबाट प्रभावित महिला र जन्मिएका बालबालिकाको संरक्षणको लागि

आवश्यक कार्य गर्नेछ।यौन शोषणमा परेका महिलाको लागि जिविकोपार्जन, सशक्तिकरण तथा न्यायका लागि आवश्यक व्यवस्था गरिने छ।

(६) नेपाल सरकारले उपदफा (५) बमोजिमको अवस्थाका महिला र बालबालिकाको अधिकारको संरक्षणका लागि सामाजिक सुरक्षाको व्यवस्था गर्नेछ।

(७) दलित समुदायको नागरिकसँग अन्तरजातीय विवाह गर्ने नेपाली नागरिकलाई तोकिए बमोजिमको अवधिको लागि संरक्षण भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(८) दलित समुदायको नागरिकसँग अन्तरजातिय विवाह गरेकै कारण जीवन निर्वाहमा समस्या भएको नागरिकलाई व्यवसाय सञ्चालन, आयआर्जनमुलक सीप विकास तथा उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद-५

## परम्परागत पेशा, ज्ञान, सीप, प्रविधि र कलाको संरक्षण तथा विकास

२३. **परम्परागत पेशा, ज्ञान, सीप, कलाको पहिचान र प्रयोग** : (१) दलित समुदायको परम्परागत पेशाको अध्ययन तथा अनुसन्धान गरिनेछ र त्यस्तो कार्य प्राधिकरण मार्फत हुनेछ ।

(२) उपदफा (१) बमोजिम भएको अध्ययन तथा अनुसन्धानको आधारमा प्राधिकरणले त्यस्तो परम्परागत तथा रैथाने, पेशा, व्यवसाय, ज्ञान र कलाको अभिलेखीकरण गर्नेछ।

(३) दलित समुदायका व्यक्ति वा समुदायले परम्परादेखि अपनाउदै आएका परम्परागत तथा रैथाने, पेशा, व्यवसाय, ज्ञान, कलाको उपयोगमा प्रचलित कानून बमोजिम सम्बन्धित समुदायको अग्राधिकार रहनेछ ।

(४) प्राधिकरणले उपदफा (३) बमोजिमका परम्परागत तथा रैथाने पेशा, सीप, ज्ञान, कला र प्रविधिको संरक्षण, प्रवर्द्धन र विकासका लागि सम्बन्धित समुदाय केन्द्रित विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

२४. **परम्परागत तथा रैथाने पेशा, व्यवसाय, ज्ञान, कलाको संरक्षण** : (१) दलित समुदायका विभिन्न जात, समूह तथा समुदायले अवलम्बन गरेको परम्परागत तथा रैथाने कला,

पेशा, ज्ञान, सीप तथा प्रविधिलाई प्रचलित कानून बमोजिम बौद्धिक सम्पत्तिको रूपमा संरक्षण गर्न चाहेमा सम्बन्धित निकायबाट त्यस्तो मौलिक पेशाको संरक्षण गर्नका लागि आवश्यक कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बौद्धिक सम्पत्तिको अधिकार प्रचलित कानून बमोजिम हुनेछ।

(३) बौद्धिक सम्पत्तिको अधिकार र उपभोग सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२५. **<u>परम्परागत तथा रैथाने पेशा, व्यवसाय, ज्ञान, कलाको विकास</u>** : (१) नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थासँगको समन्वय र दलित समुदायका सम्बन्धित परम्परागत तथा रैथाने कला, पेशा, ज्ञान, सीप र प्रविधिका जानकार व्यक्तिहरुको सहभागितामा आवश्यक पाठ्यक्रम निर्माण गरी इच्छुक दलित समुदायका व्यक्तिलाई प्रविधि तथा सीप विकास र तालिम प्रदान गरी परम्परागत पेशाको संरक्षण र सम्वर्धन गर्ने व्यवस्था मिलाउनेछ।

(२) उपदफा (१) बमोजिम सीप तथा प्रविधि विकास र तालिम तथा तिनको मान्यता र समकक्षताका लागि आवश्यकता अनुसार सम्बन्धित निकायबाट तालिम तथा सीप परीक्षणको व्यवस्था गरिनेछ।

(३) नेपाल सरकारले दलित समुदायको परम्परागत पेशाको संरक्षण तथा विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्नेछ।

२६. **<u>परम्परागत तथा रैथाने पेशा, व्यवसाय, ज्ञान, कला, प्रविधिको व्यवसायीकरण</u>** : (१) नेपाल सरकारले दलित समुदायको परम्परागत तथा रैथाने कला, पेशा, ज्ञान, सीप तथा प्रविधिलाई व्यवसायीकरण गर्न आवश्यक व्यवस्था गर्नेछ।

(२) नेपाल सरकारले आफ्नो समुदायका परम्परागत पेशासँग सम्बन्धित व्यावसाय गर्न चाहने दलित समुदायका व्यक्ति, परिवार वा समूहलाई व्यावसायसँग सम्बन्धित मेसिन, औजार, प्रविधि, उपकरणलगायतका सामान पैठारी वा निर्यात गर्दा लाग्ने कर, महशुल, दस्तुर वा शुल्कमा प्रचलित कानून बमोजिम छुट वा सहुलियत प्रदान गर्न सक्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट आफ्नो समुदायको मौलिक पेशासँग सम्बन्धित व्यावसाय गर्न चाहने दलित समुदायका व्यक्ति, परिवार

वा समूहलाई लक्षित गरी व्यावसायिक योजना वा सीप सिकेको प्रमाणपत्रको आधारमा अनुदान, सहुलियतपूर्ण ऋण वा प्रोत्साहन उपलब्ध गराउन सकिनेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायको परम्परागत मौलिक पेशासँग सम्बन्धित व्यावसायबाट उत्पादित सामानको खरिद बिक्री तथा बजारीकरणको व्यवस्थापनका लागि आवश्यक सहजीकरण गर्नेछ ।

(५) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट दलित समुदायका परम्परागत श्रम, सीप र उत्पादनलाई बजारसँग जोड्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

२७. **परम्परागत तथा रैथाने पेशा, व्यवसाय, ज्ञान, कलाको सीप परीक्षण सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले दलित परिवारका परम्परागत पेशा, व्यावसाय, ज्ञान, कला र सीपको परिक्षणको लागि राष्ट्रिय योग्यता प्रारुप (नेशनल क्वालिफिकेशन फ्रेमवर्क) बमोजिम सीप र योग्यता परीक्षणको व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सीप तथा योग्यता परीक्षण र सोको समकक्षता र मान्यता प्राप्त सार्वजनिक निकायबाट मात्र हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको योग्यताको परीक्षण र मान्यतासम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ६

## भूमिहीन दलितलाई भूमी तथा आवास सम्बन्धी व्यवस्था

२८. **तथ्याङ्क सङ्कलन तथा अभिलेख सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहसमेतको सहकार्यमा दलित समुदायभित्रका वास्तविक भूमि तथा आवासविहीन परिवारको लागि तथ्याङ्क सङ्कलन गरी अभिलेख तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको पारिवारिक अभिलेख सङ्कलन तथा पारिवारिक अभिलेखको वर्गीकरण सम्बन्धी व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) नेपाल सरकारले उपदफा (२) बमोजिम वर्गीकृत परिवारको अभिलेखको व्यवस्थापन गरी पहिचान खुल्ने परिचयपत्र प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम सङ्कलन तथा अद्यावधिक अभिलेख नेपाल सरकारको आधिकारिक सूचना प्रणाली, प्रदेश सरकार र स्थानीय तहको सूचना प्रणाली मार्फत सार्वजनिक हुनेछ।

२९. **भूमि वा आवासको लागि स्वःघोषणा गर्नुपर्ने** : (१) दलित समुदायका परिवारले नेपाल सरकार समक्ष भूमि वा आवास प्राप्त गर्नु अघि आफ्नो वा सगोलको रहेको भूमिको वा आवासको अवस्थाबारे स्वः घोषणा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको स्वःघोषणा झुठ्ठा वा गलत ठहरिएमा प्रचलित कानून बमोजिम कारबाही भई सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको स्वः घोषणा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३०. **भूमि वितरण सम्बन्धी व्यवस्था** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम पारिवारिक लगत तथा वर्गीकरणका आधारमा भूमिहीन दलित समुदायका परिवारलाई बसोबास गर्न योग्य र जीविकोपार्जन गर्नको लागि शर्तसहित भूमिको स्वामित्व कायम हुने गरी वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वितरण हुने भूमिको आधार, मापदण्ड, क्षेत्रफल तथा यस सम्बन्धी अन्य विवरण र विधि प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **आवास सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले आवासविहीन दलित समुदायका व्यक्ति वा परिवारलाई निर्धारित मापदण्ड बमोजिम आवासको लागि आवश्यक व्यवस्था गर्नेछ।

(२) नेपाल सरकारले आवासविहीन दलित समुदायका परिवारलाई आफ्नो जग्गामा आवास बनाउनको लागि स्वीकृत मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउनेछ।

(३) नेपाल सरकारले नेपालको कुनै पनि क्षेत्रमा आफ्नो वा परिवारको जमिन नभएको दलित परिबारको लागि प्रदेशगत वा जिल्लागत आधारमा एकीकृत वस्ती विकास कार्यक्रम मार्फत बसोवासको व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा दलित समुदाभित्रका जात, भूगोल, संस्कृति, पेशा, रहनसहनमा एकता कायम हुने गरी सुरक्षित र मर्यादित आवासको सुनिश्चितता गरिनेछ।

(५) कुनै पनि व्यक्ति दलित समुदाय भित्रको कुनै जात भएकै आधारमा त्यस्तो समुदायभित्रका अन्य दलित वा अन्य समुदाय बीच घर, कोठा, फ्ल्याट वा

आवास गृहमा हुने भेदभावलाई निषेध गरी सुरक्षित तथा मर्यादित आवासको सुनिश्चितता गरिनेछ।

(६) यस दफा बमोजिम दलित समुदायका लागि उपलब्ध हुने आवास सम्बन्धी व्यवस्था नेपाल सरकारद्वारा व्यवस्था गरे बमोजिम हुनेछ।

३२. **स्वामित्व सम्बन्धी व्यवस्था** : (१) आवास विहिन दलितलाई आवास तथा भूमिसम्बन्धी व्यवस्था गर्दा दलित समुदायले परम्परादेखि भोगचलन गर्दै आइरहेको क्षेत्रको भूमिलाई प्राथमिकता दिइनेछ।

(२) दलित परिवारलाई उपलब्ध गराइने जग्गा वा आवासको स्वामित्व त्यस्तो परिवारले भोगचलन गरेको पाँच बर्षपछि प्रचलित कानून बमोजिम निजको नाममा हस्तान्तरण हुनेछ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम आवास विहिन दलित परिवारलाई भूमि वा आवास प्रदान गर्दा त्यस्तो भूमि वा आवासमा महिला र पुरुषको संयुक्त स्वामित्व कायम हुने व्यवस्था गरिनेछ।

तर एकल व्यक्तिको हकमा भने यस्तो प्रावधान लागू हुने छैन।

३३. **जग्गा वा आवास फिर्ता लिन सक्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्थायी प्रकृतिको कार्यक्रम वा आयोजनाका लागि आवश्यक पर्ने भएमा दलित व्यक्ति वा परिवारलाई उपलब्ध गराइएको जग्गा वा आवास फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा वा आवास फिर्ता लिदा पुनः भूमिहीन वा आवासबिहीन नहुने सुनिश्चित गरी उचित क्षतिपूर्तिसहित भूमि र आवासको व्यवस्था गरिनेछ।

३४. **धितो बन्धक राख्न नपाइने** : (१) यस ऐन बमोजिम उपलब्ध गराइएको जग्गा वा आवास प्रचलित कानून बमोजिम निश्चित अवधिसम्म बेचबिखन वा हक हस्तान्तरण गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम धितो राख्न, अंशवण्डा गर्न र निजको शेषपछि निजका हकवालाको नाममा नामसारी गर्न वाधा पर्ने छैन।

३५. **नेपाल सरकारको नाममा कायम गरिने** : नेपाल सरकारबाट दलित समुदायको परिवारलाई उपलब्ध गराइएको भूमि वा आवास त्यस्तो जग्गावाला वा आवास प्राप्त

गरेको व्यक्तिको मृत्यु भई हकवाला कोही नभएको वा भूमि वा आवास प्राप्त गर्नेले निश्चित अवधिसम्म भोग नगरेमा वा निजले निजको नेपाली नागरिकता कायम नरहेमा वा विदेशको आवासिय अनुमति लिएको अवस्थामा त्यस्तो व्यक्तिको नामबाट लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गरिनेछ।

३६. **सेवा शुल्क र दस्तुर सम्बन्धी व्यवस्था**: यस ऐन तथा प्रचलित कानून बमोजिम भूमिहिन दलितलाई उपलब्ध गराइएको जग्गाको नामसारीको रजिष्ट्रेशन शुल्क, आवासको मर्मत सम्भार तथा उक्त आवासमा उपलब्ध विद्युत, पिउने पानी लगायतका सुविधा उपयोग गरे वापत तिर्नु बुझाउनु पर्ने शुल्कसम्बन्धी छुट तथा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ७

## सेवा सुविधाको न्यायोचित वितरण

३७. **दलित समुदायको वर्गीकरण सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले पहाडी र तराई मधेशी दलितभित्रका महिला, आर्थिक रुपमा अति विपन्न तथा विपन्न, सिमान्तकृत, अति सिमान्तकृत समुदायको दलित तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने समुदायको आधारमा शिक्षा, स्वास्थ्य, रोजगार, अवसर, आवास सहितका यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम प्रदान गरिने सेवा सुविधाको न्यायोचित एवम् समानुपातिक वितरण गर्न वर्गीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा दलित समुदायभित्रका सबै जातको आर्थिक, सामाजिक, शैक्षिक, सरकारी, सामुदायिक तथा निजी क्षेत्रको सेवामा उपस्थिति, लैगिक समानताको अवस्था, मानव विकास सूचकाङ्क, जीवनस्तर तथा बसोबासको अवस्था, बसोबासको भौगोलिक विकटता, मूल्य मान्यता समेतलाई आधार लिनु पर्नेछ।

(३) नेपाल सरकारले उपदफा (१) र (२) बमोजिम वर्गीकरण गर्नु अघि राष्ट्रिय दलित आयोगको परामर्श लिनेछ।

(४) दलित समुदायको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **सेवा सुविधामा प्राथमिकता** : (१) दफा ३७ बमोजिम वर्गीकरणमा परेका दलित समुदायको परिवारको अवस्था, आवश्यकता, सक्षमता, आर्थिक अवस्था तथा जनसङ्ख्या

वितरणको अवस्थाका आधारमा दलित समुदायभित्र समानुपातिक र समावेशी सिद्धान्त कायम हुने गरी सेवा सुविधाको न्यायोचित वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा सुविधा प्रदान गर्दा अति विपन्न तथा विपन्न र सिमान्तकृत दलित समुदायका व्यक्ति तथा परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

३९. **<u>दोहोरो सुविधा लिन नहुने</u>** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दलितले प्राप्त गर्ने सुविधा दलित कायम नरहेको व्यक्ति वा समुदायले वा एक पटक प्राप्त गरेको सुविधा दोहोरो पर्ने गरी लिन पाइने छैन।

(२) दलित कायम नरहेको व्यक्तिले दलित बनी सुविधा लिएमा वा दोहोरो सुविधा लिएमा त्यस्तो सुविधा लिने व्यक्ति वा परिवारबाट सरकारी बाँकी सरह असुल गरी प्रचलित कानून बमोजिम कारबाही भई सजायसमेत हुनेछ।

(३) कुनै निकाय वा पदाधिकारीले जानी जानी कसैलाई दोहोरो सुविधा दिएमा त्यस्तो पदाधिकारीबाट प्रचलित कानून बमोजिम असुल गरिनेछ।

## परिच्छेद- ८

## राष्ट्रिय दलित विकास प्राधिकरण सम्बन्धी व्यवस्था

४०. **<u>राष्ट्रिय दलित विकास प्राधिकरण</u>** : (१) यस ऐनको उद्देश्य पूरा गरी दलित समुदायको अधिकारको अभ्यास, सशक्तीकरण, मूलप्रवाहीकरण र योजनाबद्ध विकास गर्न तथा सेवा-सुविधा नागरिकसम्म पुर्‍याई सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्न एक राष्ट्रिय दलित विकास प्राधिकरण गठन गरिएको छ।

(२) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्था हुनेछ।

(३) प्राधिकरणको आफ्नो छुट्टै संरचना, कोष र छाप हुनेछ।

(४) प्राधिकरणले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्ने, बेचविखन गर्ने वा उपभोग गर्न सक्नेछ।

४१. **<u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u>** प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) ऐनको उद्देश्य पूरा गर्न आवश्यक योजना, कार्यक्रम र वार्षिक बजेट पारित गर्ने,

(ख) दलित अधिकारसँग सम्बन्धित र दलित सरोकारसँग सम्बन्ध राख्ने ऐन, कानुन, नीतिको अध्ययन, समीक्षा र विश्लेषण गरी ती प्रावधानमा दलित अधिकार सुनिश्चित गर्न निर्देशन दिने,

(ग) दलित समुदायको प्रतिनिधित्व र सहभागीताबारे कार्यक्रम बनाई अध्ययन विश्लेषण गरी कार्यक्रम बनाउन निर्देशन गर्ने,

(घ) प्राधिकरणको आवश्यक नीति, रणनीति र कार्ययोजना निर्माण गर्ने,

(ङ) प्राधिकरणको गतिविधिको सुपरीवेक्षण र अनुगमन गर्ने।

४२. **राष्ट्रिय दलित विकास परिषद** : (१) दफा ४० बमोजिमको प्राधिकरणको सञ्चालन, व्यवस्थापन तथा सुपरीवेक्षण गर्न देहाय बमोजिमको राष्ट्रिय दलित विकास परिषद् रहनेछः-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) मन्त्री, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय -सहअध्यक्ष

(ग) नेपाल सरकारद्वारा मनोनीत दलित समुदायको व्यक्ति - उपाध्यक्ष

(घ) सदस्य, राष्ट्रिय योजना आयोग(दलित विषय हेर्ने) सदस्य - सदस्य

(ङ) मुख्य सचिव, नेपाल सरकार - सदस्य

(च) सचिव, अर्थ मन्त्रालय - सदस्य

(छ) सचिव, गृह मन्त्रालय - सदस्य

(ज) सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय - सदस्य

(झ) सचिव, मन्त्रालय -सदस्य

(ञ) सचिव, भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ट) सचिव, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ठ) दलित हक अधिकारको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त अति सीमान्तकृत, तराइ मधेश र पहाडी दलितमध्येबाट एक एक जना र दुई जना दलित महिला गरी मनोनीत पाँच जना-सदस्य

(ड) प्राधिकरणको निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ठ) बमोजिमका सदस्यको मनोनयन परिषद्को सहअध्यक्षको सिफारिसमा अध्यक्षले गर्नेछ र निजको पदावधि पाँच वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले प्राधिकरणको हित विपरीत कुनै कार्य गरेको पाइएमा सुनुवाइको मौका दिई अध्यक्षले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

४३. **परिषद्को बैठक** : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक र आवश्यकता अनुसार बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले वा अध्यक्षको अनुमति तोकेको मिति, समय र स्थानमा बस्ने गरी सदस्य सचिवले बोलाउनेछ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र कुनै कारणले अध्यक्ष अनुपस्थित भएमा सह अध्यक्षले परिषद्को बैठकको अध्यक्षता गर्नेछ।

(४) पचास प्रतिशत वा सोभन्दा बढी परिषद् सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिँदा प्रचलित आर्थिक कार्यसञ्चालन निर्देशिका बमोजिम बैठक भत्ता पाउने छन्।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४४. **परिषद्को काम, कर्तव्य र अधिकार** : (१) ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलित अधिकारसँग सम्बन्धित संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाको कार्यान्वयनको अवस्थाको अध्ययन, विश्लेषण र समीक्षा गरी प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिने,

(ख) संघ, प्रदेश र स्थानीय तहमा दलित समुदायका हक हितका कार्यक्रम कार्यान्वयन गर्न सञ्चालक समितिलाई निर्देशन दिने,

(ग) संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने,

(घ) प्राधिकरणको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(ङ) बजेटको समीक्षा गरी दलित सशक्तिकरण, अधिकार प्रवर्द्धन र विकासका लागि योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(च) दलित मानव विकास सूचकाङ्क तयार पार्न र दलितको आवश्यकतालाई सम्बोधन गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने,

(छ) प्राधिकरणको गतिविधि सञ्चालनका लागि आवश्यक सहयोग गर्ने।

४५. **प्राधिकरणको कोष** : (१) दलित समुदायको विकास तथा सशक्तिकरणको लागि प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त दलितका हक हितका विषयमा कार्यको लागि सहायता स्वरुप प्राप्त रकम,

(घ) प्राधिकरणको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(ङ) प्रचलित कानून बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व मार्फत दलित समूदायको लागि छुट्टाईएको रकम,

(च) प्राधिकरणलाई प्राप्त अन्य कुनै सहयोग रकम ।

(३) प्राधिकरणले उपदफा (२) को खण्ड (ख) बमोजिम विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

(४) प्राधिकरणको नाममा प्राप्त हुने रकम नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा हुनेछ।

(५) प्राधिकरणको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

४६. **लेखा र लेखापरीक्षण** : (१) प्राधिकरणको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

४७. **सञ्चालक समिति गठन** : (१) दफा ४० बमोजिमको प्राधिकरणको सञ्चालनका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछः-

(क) परिषद्को उपाध्यक्ष - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय -सदस्य

(घ) दलितका क्षेत्रमा क्रियाशील तराइमधेशी दलित, सिमान्तकृत दलित र दलित महिलाबाट एक एक जना गरी नेपाल सरकारबाट मनोनीत तीन जना -सदस्य

(ङ) प्राधिकरणको निर्देशक - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत भएका सञ्चालक समितिका सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले प्राधिकरणको हित विपरीत कुनै कार्य गरेको पाइएमा सुनुवाइको मौका दिई नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

४८. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u> :** (१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ऐनको उद्देश्य पूरा गर्न आवश्यक योजना, कार्यक्रम र वार्षिक बजेट तयार गर्ने,

(ख) दलित अधिकारसँग सम्बन्धित र दलित सरोकारसँग सम्बन्ध राख्ने ऐन, कानून, नीतिको अध्ययन, समीक्षा र विश्लेषण गरी ती प्रावधानमा दलित अधिकार सुनिश्चित गर्न राज्य र सम्बन्धित निकायलाई सुझाब दिने,

(ग) दलित अधिकारसँग सम्बन्धित संवैधानिक, कानूनी र नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्थाको अध्ययन, विश्लेषण र समीक्षा गरी प्रभावकारी कार्यान्वयनका लागि योजना र कार्यक्रम निर्माण गरी सञ्चालन गर्ने,

(घ) दलित समुदायको सार्वजनिक र निजी क्षेत्रमा रहेको समावेशी प्रतिनिधित्व र सहभागिताबारे अध्ययन अनुसन्धान गरी अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक नीतिगत सुधारका लागि परिषद् मार्फत नेपाल सरकारलाई सुझाब प्रदान गर्ने,

(ङ) संघ, प्रदेश र स्थानीय तहले निर्माण गरेका नीति तथा कार्यक्रम र बजेटको समीक्षा गरी दलित सशक्तीकरण, अधिकार प्रवर्द्धन, र विकासका लागि योजना, कार्यक्रम र आवश्यक बजेट निर्माणका लागि सिफारिस गर्ने,

(च) दलित मानव विकास सूचकाङ्क तयार पार्ने र दलितको आवश्यकतालाई सम्बोधन गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने,

(छ) दलित समुदायको समग्र आर्थिक, सामाजिक अवस्थाबारे अध्ययन गरी दलितका लागि आवश्यक नीतिगत र कार्यक्रमको ढाँचा तयार पारी संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशिष्टिकृत कार्यक्रम स्वीकृतिको लागि पेश गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,

(ज) भूमिहिन दलितको भूमिमाथिको पहुँच, स्वामित्व र नियन्त्रणका सम्बन्धमा नेपाल सरकारका निकायसँग समन्वय र सहकार्य गरी मन्त्रालय मार्फत कार्यान्वयन गराउने,

(झ) दलितको आवासको अवस्थाबारे अध्ययन गरी आवासविहीन दलितको आवासको अधिकार सुनिश्चित गर्न सरोकारवाला सरकारी निकायसँग समन्वय र सहजीकरण गर्ने,

(ञ) शिक्षामा दलितको पहुँचको अवस्था, समस्या र आवश्यकताबारे अध्ययन गरी आवश्यक नीतिगत, कार्यक्रम र बजेट बिनियोजनका लागि राज्यका सरोकारवाला निकायसँग सहकार्य गर्ने,

(ट) दलित विद्यार्थीलाई छात्रवृत्तिसहित निःशुल्क शिक्षाको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ठ) स्वास्थ्य सेवामा दलित समुदायको पहुँचको अवस्थाको अध्ययन गर्ने र कानून बमोजिम दलितले स्वास्थ्य अधिकार सुनिश्चितताका लागि सरकोकारवाला निकायसँग समन्वय गर्ने,

(ड) दलित सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

(ढ) दलित समुदायको रोजगारी प्रवर्द्धन तथा सीप विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,

(ण) दलित समुदायका पुर्खाले निर्माण गरेका वा रचेका ऐतिहासिक सम्पदाको खोज, अध्ययन, विश्लेषणसहितको विकास तथा सम्भारको कार्यक्रम कार्यान्वयन गर्ने,

(त) दलित समुदायले अवलम्बन गर्दै आएका परम्परागत तथा रैथाने ज्ञान, कला, पेशा, व्यवसाय तथा सीपको पहिचान एवम् अभिलेखीकरण गर्ने,

(थ) दलित समुदायको परम्परागत तथा रैथाने ज्ञान, सीप, कला, प्रविधि र पेशा मौलिक शैली र ढाँचामा प्रयोग, संरक्षण र विकास गर्ने,

(द) दलित समुदायको पेशा र व्यवसायलाई औद्योगिकीकरण, आधुनिकीकरण, वैज्ञानिकीकरण तथा सशक्तीकरण मार्फत रोजगारी सृजना गरी जीविकोपार्जनमा टेवा पुऱ्याउने,

(ध) दलितसँग सम्बन्धित सरोकारवाला निकाय, दातृ निकाय, संघसंस्था, नागरिक समाज तथा निजी क्षेत्रसँगको साझेदारीमा छलफल, समन्वय र सहकार्य गर्ने,

(न) दलित समुदायको हक अधिकारको संरक्षण, सम्वर्द्धन, र विकास गर्न संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(प) दलित समुदायको आर्थिक तथा सामाजिक विकासको सूचकाङ्क स्तरोन्नति माथि वढाउने कार्य गर्ने,

(फ) प्राधिकरणबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन र मूल्यांकन गर्ने, गराउने,

(ब) यस ऐन वमोजिम दलित समुदायका व्यक्तिहरुले प्राप्त गर्ने सेवा सुविधा तथा सहुलियत सम्वन्धमा आवश्यकता अनुसार सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) दलित समुदायका परम्परागत सीप तथा प्रविधि विकासका लागि आवश्यकतानुसार प्राविधिक शिक्षालय, तालिम केन्द्र, सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने,

(म) नियमितरुपमा मासिक र वार्षिक प्रतिवेदन तयार गर्ने,

(य) प्राधिकरणको कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार गर्ने,

(र) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

४९. उपाध्यक्षः (१) दलित हक अधिकारका क्षेत्रमा काम गरेको दलित समुदायका व्यक्तिमध्येबाट परिषद्को सहअध्यक्षको सिफारिसमा नेपाल सरकारले प्राधिकरणको उपाध्यक्षको मनोनयन गर्नेछ।

(२) उपाध्यक्ष प्राधिकरणको पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ।

(३) उपाध्यक्षको पदावधी बढीमा चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनी उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेको, जिम्मेवारी पूरा नगरेको वा निज शारीरिक वा

मानसिक अस्वस्थताका कारण कार्य सम्पादन गर्न असमर्थ भएको आधारमा नेपाल सरकारले निजलाई पदमुक्त गर्ने निर्णय गरेमा उपाध्यक्ष आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछ।

तर त्यसरी पदमुक्तः गर्ने निर्णय गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(५) उपाध्यक्षले मनोनयन हुँदाका बखत नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणको उपाध्यक्षमा नियुक्त व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक निकायबाट मासिक रुपमा निवृत्तभरण प्राप्त गर्ने भएमा उपाध्यक्षको पदमा बहाल रहदासम्म निजले उपदफा (४) बमोजिमको पारिश्रमिक वा निवृतभरण मध्ये रोजेको सुविधा मात्र प्राप्त गर्नेछ।

(७) प्राधिकरणको उपाध्यक्षको पदमा मनोनयनको लागि सिफारिस गर्न परिषद्को सहअध्यक्षले मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य दुई जना व्यक्ति सम्मिलित तीन सदस्य रहेको समिति गठन गर्न सक्नेछ।

(८) प्राधिकरणमा उपाध्यक्षको पद रिक्त भएमा वा उपाध्यक्षले कार्य सम्पादन गर्न नपाउने भएमा वा पन्ध्र दिनभन्दा बढी उपाध्यक्ष मुलुक बाहीर रहेको अवस्थामा मन्त्रालयले तोकेको सञ्चालक समितिको सदस्यले परिषद्को उपाध्यक्षको रुपमा कार्य गर्नेछ।

५०. उपाध्यक्षको अयोग्यताः देहायको व्यक्ति उपाध्यक्षको पदमा मनोनीत हुन सक्ने छैनः–

(क) गैर नेपाली नागरिक,

(ख) दामासाहीमा परेको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरुपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्षको अवधि पूरा नभएको,

(च) पैंतिस वर्ष उमेर पूरा नभएको र साठी वर्ष उमेर पूरा भएमा।

५१. उपाध्यक्षको पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा उपाध्यक्षको पद रिक्त हुनेछः–

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निज दफा ४९ को उपदफा (३) बमोजिम अवधि पूरा भएमा,

(ख) निज दफा ४९ को उपदफा (४) बमोजिम पदमुक्त भएमा,

(ग) निज उपाध्यक्षको पदमा बहाल रहन अयोग्य भएमा,

(घ) निजको उमेर साठी वर्ष पूरा भएमा।

५२. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार:</u> उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकको व्यवस्थापनको लागि आवश्यक निर्देशन दिने,

(ख) प्राधिकरण सम्बन्धी कामको नीतिगत व्यवस्था मिलाउने,

(ग) मन्त्रालय र निकायहरुसँग समन्वय गर्ने,

(घ) विभिन्न संघ संस्थाले गरेको कार्यहरुको गुणस्तरको अनुगमन गर्ने,

(ङ) तीनै तहका सरकार र सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने।

५३. **<u>निर्देशक</u>**ः (१) नेपाल सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न एकजना निर्देशक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशकको नियुक्तिका लागि छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सहसचिव, लोक सेवा आयोग - सदस्य

(ग) मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सहसचिव -सदस्य सचिव

(३) प्राधिकरणको निर्देशकको नियुक्तिको सिफारिसका मूल्याङ्नका आधार तोकिए बमोजिम हुनेछ।

(४) सिफारिस समितिले छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५४. **<u>निर्देशकको योग्यता</u>**ः निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उतीर्ण गरेको,

(ख) दलित समुदायको हक, हित र अधिकार सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको,

(ग) तीस वर्ष उमेर पूरा भइ पचपन्न वर्ष ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको र

(ङ) नेपाली नागरिक ।

**५५. <u>निर्देशकको पदावधि तथा सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था</u>**: (१) निर्देशकको पदावधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्देशकले प्रचलित कानून विपरीत हुने गरी कुनै कार्य गरेमा वा निजको कार्य सम्पादन सन्तोषजनक नभएको भनी नेपाल सरकारबाट गठित छानविन समितिले सिफारिस गरेमा निजलाई नेपाल सरकारले पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) निर्देशकको पारिश्रमिक, सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणको निर्देशकमा नियुक्त व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक निकायबाट मासिक रुपमा निवृत्तभरण प्राप्त गर्ने भएमा निर्देशकको पदमा बहाल रहदासम्म निजले उपदफा (३) बमोजिमको पारिश्रमिक वा निवृतभरण मध्ये रोजेको सुविधा मात्र प्राप्त गर्नेछ।

**५६. <u>कार्यालय तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>** : (१) प्राधिकरणको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ र आवश्यकता अनुसार शाखा कार्यालय रहन सक्नेछ ।

(२) प्राधिकरणमा परिषद्को सिफारिसमा नेपाल सरकारबाट स्वीकृत संगठन संरचना बमोजिमका कर्मचारी रहनेछन्।

(३) प्राधिकरणमा रहने कर्मचारीको नियुक्ति, सेवा सर्त र सुविधा सम्बन्धी व्यवस्था लोक सेवा आयोगको परामर्शमा परिषद्बाट स्वीकृत विनियमावली बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणमा कर्मचारी नियुक्ति नहुँदासम्म प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

परिच्छेद-९

## <u>कसूर र सजाय</u>

**५७. <u>कसूर भएको मानिने</u>** : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिमको हक, अधिकार, सेवा वा सुविधा प्राप्त गर्ने उद्देश्यले झुठा वा गलत विवरण पेश गरी त्यस्तो हक, अधिकार, सेवा वा सुविधा प्राप्त गरेमा,

(ख) यस ऐन बमोजिम दलितलाई प्राप्त सेवा, सुविधा तथा संरक्षणका कार्यहरू दलित समुदायका व्यक्ति बाहेक अरुलाई दिने दिलाउने कार्य गरेमा,

(ग) यस ऐन बमोजिम दलितलाई प्राप्त हक अधिकारको प्रयोग गर्न वाधा अवरोध पुऱ्याएमा,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको कार्यको उद्योग गरेमा वा मतियार भएमा।

**५८. <u>सजाय</u>** : (१) दफा ५७ विपरीतका कसूर गर्ने गराउनेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिम कसूर गर्नेलाई तीन वर्ष सम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) खण्ड (ख) बमोजिम दलितलाई प्राप्त सेवा, सुविधा तथा संरक्षणका कार्यहरू दलित समुदायका व्यक्ति बाहेक अन्यलाई दिने दिलाउने कार्य गरेमा कार्य पूरा भईसकेको भए सो कार्य गर्नेलाई कसूरको मात्रा हेरी तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) खण्ड (ग) बमोजिमको कार्य गरेमा कसूरको मात्राअनुसार छ महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(२) उपदफा (१) मा उल्लिखित सजाय हुने कसूर गर्न उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई आधा मात्र सजाय हुनेछ।

**५९. <u>हदम्याद</u>** : (१) कसैले दफा ५७ बमोजिमको कसूर गरेको थाहा पाएको मितिले एक वर्षभित्र नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी दिने प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ।

६०. **नेपाल सरकार वादी हुने**: (१) यस ऐन बमोजिमको कसूरमा नेपाल सरकार वादी हुनेछ।

(२) दफा ५७ बमोजिमका कसूर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

६१. **मुद्दा हेर्ने अधिकार** : यस ऐन अन्तर्गतको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

परिच्छेद-१०

**विविध**

६२. **विशेष कार्यक्रम सञ्चालन गर्ने**: (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दलित समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

६३. **समानता तथा समन्यायिक आधारमा कार्य सञ्चालन गर्नु पर्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भूमि, आवास, शिक्षा, स्वास्थ्य, रोजगार सहितका दलितका हक अधिकारसम्बन्धी विषयमा काम कारवाही गर्दा दलित समुदायभित्रका जात जातिमध्ये आर्थिक, सामाजिक तथा मानव विकास सूचकाङ्कका दृष्टिले पछाडि परेका, अतिविपन्न तथा विपन्न जात जाति र समुदायलाई पहिलो प्राथमिकतामा राखि त्यस्तो भूमि, आवास, शिक्षा तथा स्वास्थ्य सहितका सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा सुविधा उपलब्ध गराउँदा प्राथमिकता दिनु पर्ने आधार, दलितभित्रका जात जाती, समुदाय, पिछडिएको भूगोल, लैङ्गिक दृष्टिले पछाडि परेका वर्ग तथा समुदाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **स्वीकृति प्राप्त गरी जानकारी दिनुपर्ने** : (१) गैरसरकारी संस्था वा कुनै कम्पनीले दलित समुदायका विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरी सोको जनकारी प्राधिकरणमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा क्रमशः अति विपन्न दलित, विपन्न दलित तथा दलित समुदायलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

६५. **<u>प्राथमिकता दिने</u>** : यस ऐनको व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालयले दलित समुदायलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नु पर्नेछ।

६६. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : अन्य ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ।

६७. **<u>समन्वय सम्बन्धी व्यवस्था</u>:** (१) प्राधिकरणले आफूले गरेका कामको सम्बन्धमा मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका विषयमा मन्त्रालयले राष्ट्रिय दलित आयोगलाई समेत जानकारी गराउन सक्नेछ।

(३) मन्त्रालयले राष्ट्रिय दलित आयोगबाट सिफारिस भएका विषयको कार्यान्वयन प्राधिकरण मार्फत गराउने व्यवस्था गर्न सक्नेछ।

६८. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) प्राधिकरणले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार उपाध्यक्ष, निर्देशक वा अधिकृत कर्मचारीपलाई प्रत्यायोजन गर्न सक्नेछ।

६९. **<u>प्रतिवेदन पेश गर्नुपर्ने</u>** : (१) यस ऐन बमोजिम प्राधिकरणले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको आवश्यकता, प्रभावकारिता, सान्दर्भिकता तथा लाभ लागत र त्यस्ता कार्यक्रमबाट लाभान्वित अति विपन्न तथा विपन्न दलित व्यक्ति तथा समुदायको विवरण समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले संघीय संसदको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

७०. **<u>सूचना प्रविधिको प्रयोग</u>**: यस ऐन बमोजिम परिषद्, सञ्चालक समिति तथा प्राधिकरणले कुनै काम कारवाही गर्दा सूचना प्रविधिको प्रयोग गरी गर्न सक्नेछ र त्यसरी गरिएको काम कारवाहीलाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

७१. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

७२. **ऐन कार्यान्वयन मापन** : यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

७३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

७४. **विनियम, निर्देशिका वा मापदण्ड** : यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियमको प्रतिकूल नहुने गरी परिषद्ले आवश्यकतानुसार विनियम, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

<u>विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा</u>

१.सुझाव दिने व्यक्तिको नाम,थरः

२.सम्पर्क नम्बर/ईमेलः

३.विधेयकको नामः

४.सुझावः

(क) <u>सम्बन्धित दफा/उपदफा</u>

(ख) <u>सुझाव र सो को कारण</u>